कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ५ अंक १३ (संयुक्तांक २१८) ने. सं. ११३५ कौलागा अष्टमी बुधवा: २०७२ कार्तिक १८ गते बुधवार (Nov 4, 2015) मूल्य रु.५/-

# ११ बुँदे मागपछि वीरगञ्जमा शंकास्पद घटना

**कीर्तिपुर सन्देश साप्ताहिक/**

ओली सरकार र आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले वार्ताको क्रममा ११ बुँदाको स्पष्ट माग राखेपछि नेपाली जनताको ध्यान अन्तै मोड्नका लागि नै सोमवार वीरजञ्ज काण्ड भएको कुरा स्वयं नेताहरुले स्वीकार गरेका छन् । शान्तिपुर्ण धर्ना बसेकाहरुलाई प्रहरीले बल प्रयोग गरि हटाउन खोजेपछि तनावपूर्ण अवस्था बनेको र त्यसपछि प्रहरीको गोली लागि भारतीय नागरिकको समेत मृत्यु भएपछि नेपालका प्रधानमन्त्री केपी शर्मा ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीवीच वीरगञ्ज घटनाको बारेमा टेलिफोन वार्ता समेत भएको थियो ।

नेपालमा राज्य पक्षले मधेसवादी आन्दोलनकारीले अनावश्यक रुपमा माग राखेको भनी भ्रम फैलाई रहेको र नेपालका संचार माध्यमले पनि त्यस्तै भूमिका निर्वाह गरिरहेको अवस्थामा आफूहरुले स्पष्ट रुपमा ११ बुँदे माग राखेपछि नै वीरगञ्ज घटना शंकास्पद रुपमा घटेको दावी मोर्चामा रहेको संघीय समाजवादी फोरम नेपालका सह अध्यक्ष राजेन्द्र श्रेष्ठले कीर्तिपुर सन्देश साप्ताहिकसंग कुरा गर्दै बताउनु भएको छ ।

उहाँले वीरगञ्ज घटनाकै कारणले वार्तालाई भंग गर्न नहुने बताउँदै आफूहरुले उठाएका ११ बुँदाको विषयमा छलफल गरि वार्तावाटै समस्या समाधानका लागि आम आदिवासी जनजाति, मधेसी, उत्पीडित समुदायले पनि आ-आफ्नो स्थानवाट सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता भएको समेत बताउनु भएको छ ।

## संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले राखेको ११ बुँदे प्रस्ताव

संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले गत कार्तिक १५ गते सरकारी वार्ता टोलीसंगको औपचारिक वार्तामा राखेका ११ बुँदे लिखित माग यस प्रकार रहेका छन् ।

१. पहिलो संविधानसभाबाट गठित राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँड समिति तथा राज्य पुनर्संरचना उच्चस्तरीय सुझाव आयोगको प्रतिवेदन तथा मधेसी, आदिवासी जनजाति लगायत उत्पीडित समुदायसँग भएका सम्झौता र नेपालको अन्तरिम संविधान-२०६३ को धारा १३८, १(क) अनुरुप तराई/मधेसमा मेचीदेखि महाकालीसम्म २ स्वायत्त प्रदेश लगायत ऐतिहासिक पृष्ठभूमि र पहिचानको आधारमा अन्य स्वायत्त प्रदेशहरु निर्माण हुनुपर्ने । स्वायत्त प्रदेशहरु अधिकार सम्पन्न हुनुपर्ने ।

२. मौलिक हकमा समुदायगत समानुपातिक समावेशी हुने स्पष्ट व्यवस्था सहितको अलग धाराको व्यवस्था गर्नु पर्ने ।

३. सङ्घ, प्रदेश लगायत राज्यको सम्पूर्ण अङ्ग, तह, निकाय र सेवा आयोगहरुमा समानुपातिक समावेशी हुने कुराको प्रत्याभूति हुनु पर्ने ।

४. प्रतिनिधि सभाको निर्वाचन क्षेत्र जनसख्याको आधारमा निर्धारण तथा मिश्रित निर्वाचन प्रणाली अन्तरिम संविधानमा भएको व्यवस्था बमोजिम गर्ने र राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट अनिवार्य प्रतिनिधित्व हुने गरी जनसख्याको आधारमा प्रदेशको सदस्यहरु प्रदेश सभाको सदस्यहरु मतदाता हुने गरी एकल संक्रमणीय निर्वाचन प्रणालीबाट गठन हुनु पर्ने ।

५. वैवाहिक नागरिकताको प्राप्ति सङ्घीय कानूनमा नभई संविधानमा नै स्पष्ट व्यवस्था हुनु पर्ने र संवैधानिक पदहरुमा मनोनित वा निर्वाचित अन्तरिम संविधानको व्यवस्था अनुरुप हुनु पर्ने ।

६. न्याय पालिकालाई सङ्घ राज्यको आधारभूत मान्यता अनुरुप सङ्घीय ढाँचामा रुपान्तरित गर्ने तथा सर्वोच्च अदालत, उच्च अदालत र स्थानीय अदालतको नियुक्ति समावेशी समानुपातिक आधारमा गर्नु पर्ने । साथै उच्च अदालत र स्थानीय अदालतको न्यायाधीशहरुको नियुक्ति प्रादेशिक कानून बमोजिम हुनु पर्ने ।

७. सङ्घ, प्रदेश र स्थानीय निकायका सबै अङ्गहरुमा बहुभाषिक नीति लागू गर्नु पर्ने ।

८. समावेशी आयोगमा सबै समुदायको प्रतिनिधित्व तथा अन्य सबै आयोगहरुको गठन र कार्यक्षेत्र स्पष्ट उल्लेखित हुनु पर्ने । साथै प्राकृतिक श्रोत तथा वित्तीय आयोगमा सबै प्रदेशहरुको प्रतिनिधित्वको व्यवस्था हुनु पर्ने ।

९. स्थानीय निकाय तथा विशेष संरचनाको गठन प्रादेशिक कानून बमोजिम हुनु पर्ने ।

१०. नेपाली सेनालाई राष्ट्रिय स्वरुप प्रदान गर्दै लोकतान्त्रिकरण गर्ने तथा सेना लगायत सम्पूर्ण सुरक्षा निकायहरु समानुपातिक समावेशी गर्नु पर्ने ।

११. नेपाललाई एकल राष्ट्रिय राज्यको रुपमा नभई बहुराष्ट्रिय राज्यको रुपमा परिभाषित गर्नु पर्ने ।

तपाईको जिज्ञासा र चाहना

इजरायल

Think Israel, Think Valley

प्रशिक्षककहरु:

दक्ष, अनभवी र पुस्तक अनुवादक

(इजरायलको लामो बसाइको सामाजिक र सांस्कृतिक तथा कृषजन्य वातावरण सम्वन्धि अनुभव प्राप्त)

हिब्रु भाषा

विहान, दिउँसो र साँझ

CTEVT वाट स्वीकृत प्राप्त यस Institute ले सबै Training हरुको प्रमाण–पत्र दिने

1. Caregiver, House Keeping, Nursing & Cooking
2. Hotel, Waiter, Hotel Assistant
3. Community Livestock Assistant
4. Vegetable Proceessor & Vegetable Production

विशेषताहरु

- इजराइलको लागी विशेष परामर्श साथै आवश्यकीय पाठ्य सामग्रीहरुको व्यवस्था गरिने ।
- Institute को आफ्नै पाठ्यपुस्तक तथा अन्य सहयोगी पाठ्य सामग्रीको माध्यमवाट चरणबद्ध, Focused योजनाबद्ध र सरल ढंगले शिक्षण गराइने ।
- हिब्रु भाषामा प्रष्ट संग कुराकानी गर्न सक्षम बनाइने साथै Audio–Visual & ExerciseS Books हरुको पनि राम्रो व्यवस्था ।
- इजराइलमा गर्नु पर्ने काम तथा यस संग सम्वन्धित समस्याहरु साथै कुनै पनि कम्पनी र संस्थाहरुमा Processing को लागी विशेष परामर्श दिइने ।
- अन्तर्वार्ताको माध्यमवाट विद्यार्थीहरुको स्तर छुट्याई सोही अनुरुपको विशेष कक्षाहरुको व्यवस्था गरिने र त्यसमा पनि कमजोर विद्यार्थीहरुले Supporting Class अनिवार्य रुपमा व्यवस्था ।

Valley Institute Kirtipur

NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509

हार्दिक बधाई

श्री पद्मिनी ज्वेलर्सको शुभारम्भ गर्नुभएकोमा हार्दिक बधाई तथा उत्तोरोत्तर प्रगतिको कामना गदर्छौं ।

दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

कीर्तिपुर १७, काठमाण्डौं

मोबिल्याण्ड इलेक्ट्रोनिक्स प्रा. लि.

कीर्तिपुर १७, काठमाण्डौं

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# वार्तावाटै भाग्नु हुदैन

**ओली सरकार र आन्दोलनरत संयुक्त लाकतान्त्रिक मधेसी मोर्चावीच भइरहेको वार्ता गत आइतवार सम्ममा अत्यन्तै सकारात्मक रुपमा अघि बढेको थियो। आइतवार पहिलो पटक मधेसी मोर्चा र सरकार दुबै पक्षवाट आ आफ्नो कुरा स्पष्ट रुपमा राखेको र आन्दोलनरत पक्षको ११ बुँदे मागको सन्दर्भमा सरकारी वार्ता टोली सकारात्मक भएको र आवश्यक निर्णय गर्नका लागि प्रमुख प्रतिपक्ष नेपाली कांग्रेससंग पनि छलफल गर्ने बताएको थियो।**

**त्यसरी वार्ता सकारात्मक रुपमा अघि बढेको भोली विहानैदेखि फेरी तराई क्षेत्रमा तनावग्रष्ट बन्यो। तराईको वीरगञ्ज नाका क्षेत्रमा प्रहरीले बल प्रयोग गरि आन्दोलनकारीलाई हटाउन खोज्दा झडप भएको र झडपले ठूलो रुप लिएपछि गोली चलेको र गोली लागी भारतीय नागरिकको समेत मृत्यु भएको थियो। सो घटना पछि भारत र नेपालका सबै नाका ठप्प भएको थियो। यसको अर्थ भारत र नेपालको सम्वन्धमा समेत वीरगञ्ज घटनाले प्रभाव पार्न सक्ने स्थिति बनेको छ।**

**यस्तो अवस्था हुनुको कारण के हो भनी राज्य पक्ष र आन्दोलनरत पक्ष दुबैले आ आफ्नो ठाउँवाट विश्लेषण गर्दै जुन विन्दुमा वार्ता पुगेको हो त्यहि विन्दुवाट फेरि वार्ता शुरु गर्नका लागि दुबै पक्ष तयार हनुपर्ने अवस्था छ। यो पटकको पनि वार्ता भंग भयो भने नेपालमा लामो समय सम्म पनि समस्या समाधान गर्न नसकिने अवस्था आउने संभावनालाई ध्यान दिंदै गम्भीर भई वार्ता गर्नका लागि सम्पूर्ण नेपालीहरुले नै सम्वन्धित निकाय र पक्षलाई दवाव दिनुपर्ने अवस्था आएको छ।**

## ज्ञानीराज मानन्धरका केही मुक्तकहरु



नेता हाम्रा

नेपाललाई हिन्दु राष्ट्र बनाएरै देखाउने छु
संविधानमा हिन्दु राष्ट्र लेखाएरै छाड्ने छु
नेता हुँ म मेरो बोलि को के ठिकान र हजुर
कुर्सि मात्र पाए भने जिजस बनेरै देखाउने छु।

तीन दलका नेता टिवीमा आउन मै व्यस्त
तराईका नेता घाउमा नून लगाउन मै व्यस्त
लाईनमा बसी गुजार्नु पर्ने जिन्दगी हाम्रो
जनता कालाबजारियाहरु मनाउन मै व्यस्त।

# फराकिलो बाटो मैले नै सांघुरो बनाएको हुँ



–प्रशान्तमहासागर–

म एउटा चोक भन्दाअलि पर बस्छु। मेरो जन्मथलो मेरो घर त्यही हो मैले मेरो जीवनको हर कर्म त्यहीबाट शुरु गर्दै अन्त्य भोग्दै आएको छु।

मैले आजभन्दा पहिलेका दिनहरुमा मेरो चोक गल्लि एकदम शान्तअनि खुशी देखेको थिएँ। त्यहाँ मैले मेरो जीवनकालमा हत्या, हिंसा, अपराध जस्ता कर्मकाण्डहरु कहिल्यै देखिन पनि, भोगिन पनि। जता हेर्‍यो तेतै खुशीयालीहरु, पर्वहरु, आफ्नोहरु मात्र भेट्छाएँ। मलाई खान, लाउन मीठो नभए पनि, राम्रो नभए पनि भोकै आफ्ने अहिलेका जस्ता खेतहरु थिएनन् जहाँ खेतहरु र ोपिएका छन साथै कलकार खानाहरु बन्द भएका छन। र घरको मामिलामा आकाश चुम्छु भनी उठेको एकाएक धूलोपिठो भएका छन जस्लाई मैले मेरो दोष भनी स्विकार्न सकिरहेको छैन। आफ्नो कमजोरीलाई आफ्नो अहम्लाई गर्व भन्दै आँखामा छारो हाल्ने कामहरु गरि रहें जस्को साक्षी म स्वयम् नै हुँ।

समयसँगै परिवर्तनले म मनुष्यलाई चाँडो भन्दा चाँडो मनुष्यबाट वञ्चित गराउन हरेक कार्यमा मिलावटका कार्यहरु प्रतिपादन गर्ने बानीबाट शुशोभित तुल्याउँदै लगे म खसीबोकाझैं घस्रिदै गएँ किनभने मलाई झुठो सम्पन्नताबाट मेरो गल्लिमा प्रतिस्थित हुनु थियो।

पैसाको आडमा समाजलाई दास बनाउने सोच ममा उत्पन्न हुँदा मैले जति नै बाटो फर ाकिलो बनाए पनि मन झनझन साँघुरिदै गयो जस्ले गर्दा म चन्द्रमा जाने कुराहरु अरुलाई सिकाउँदै त्यसको कमिशनमात्र खाने बानीबाट प्रभावित हुँदै गएँ। र बस्तिमा पैठारी हुने सामानहरुमा पनि विभिन्न टुटफुटको राजनीति गर्दै म सक्रिय मनस्थितिबाट निस्क्रिय कार्यहरु गराउनेतिर लागें। यहीक्रममा मैले भूकम्प खेप्नु पर्‍यो र घरहरु, बस्तिहरु खण्डहर बने।

स्रोत साधनहरु एकाएक बन्द भए मुहानहरु थुनिए म आफैंभित्र लाचार बनें। मलाई बैशाखको चिसोले सताउन थाले। म आफैंमा सबल प्रबल भए पनि मेरो अरुमा आश्रित हुने अनि कमिशनमा चल्ने चूलोहरु विस्तारै निभ्दै गए।

म सोच्थें कि हिजोका समाजबाद, साम्यबाद, सामाज्यबाद, पूँजीबाद जुन शासन अट्ने मेरो बस्ति, बस्ति छिर्ने चोक अनि गल्लि जुन फराकिलो थियो एकाएक कसर ी साँघुरियो। हामीले हिजो आफुहरु छिर्नेचोक गल्लिमा फोहर तुल्याउने तन्तुहरु जन्तुहरु देख्ने बित्तिकै तह लगाउँथ्यौं तर आज हामीले नै जस्लाई समाजिक प्राणी भनाउँदाहरुले नै मेरो त्यो चोकमा भत्किएका घर का धर्मका फोहरहरु, जातका फोहरहरु, पहिचान( आवश्यकताका रहरहरु थुपारि सबै राजनीतिमा ओत लागी मेरो हाम्रो बस्ति टोल छिर्ने बाटो नै गन्हाउने बिनाई दयो।

अब लाग्छ त्यो बाटो हिड्ने सबै मरेको सिनो झैं मैले आभाष गरेको छु। सुनेको थिएँ कि मेर ै घरको पल्लो टोलमा गौतम बुद्ध शान्तिको दुतले जन्मेको भन्ने मलाई हल्ला लागेको छ, मेरो शिरमाथि नै सगरमाथा छ भन्ने कुरा पनि भ्रम लागी रहेको छ। मेरा पूर्खाहरु वीर थिए कहिल्यै झुकेर केहि सम्झौता गरेनन् भने पनि कुनै कथाझैं लागेको छ जस्मा कुनै सत्यतथ्य नभएको जस्तो मैले महसुस गरेको छु। यहाँ सम्म कि मलाई कसैले तिमी त सजीव प्राणी भन्यो भने पनि कसरी हुन्छ भन्ने प्रश्नसँग आबद्ध भएको मैले आफुलाई पाई रहें।

अन्तमा, म असक्षम बाहिर बाट होईन भित्रबाट नै छु। मेरो देश-टोल कसैको कुदृष्टिमा परेको होईन मैले नै मेरो स्वार्थको लागि पारेको रहेछु।

आफुसँग दृढ निश्चय नहुनु, आनाकानीमा शासन गर्नु सबै शब्दमामात्र म नेपाली हुँ भन्ने सिद्ध गर्नु नै हो। क्षणिक पदभार सम्हान मैले धेरै चलखेलको रणनीति अपनाएको छु जस्को छुट मेरै घरपरिवारका सदस्यले दिएका छन, जुन गलत हो। जबसम्म मैले मेरो स्रोत र साधनलाई आवश्यकता अनुरुपबाद तन्त्रबाट, अहम्बादबाट छुटकारा दिलाउन सक्दिन तबसम्म दास प्रथाको नाईके हुनबाट म जोगिने छैन। म जस्ता नाईके नै सबै नेपालीहरुको लागि अभिषाप सावित भई र हने छ। होशियार।

# रेस्लिङ हेर्नुहुन्छ ? जानिराख्नुस् यी ५ तथ्य !



व्यवसायिक रेस्लिङको महाकुम्भ मानिने WWEआफैंमा मनोरञ्जनको एउटा कम्प्लिट प्याकेज हो। यसमा रोमान्स, ट्र्याजेडी, तथा मनोरञ्जनको जबरदस्त कम्बिनेशन छ। रेस्लिङका फ्यानहरुका लागि यो एउटा निकै रोजाईको प्रतिस्पर्धा हो।

तर, हेर्दै गर्दा यसबारे कैयन सवाल उब्जिन्छन्, जुन प्रायको मनमा गुम्सिरहेको हुन्छ। यो फाईट रियल हो कि स्क्रिप्टेड ? पहलमानहरु रियन हुन् ? फाईटका दौरान लाग्ने चोटबाट निस्किने रातो पदार्थ रगत नै हो ? यस्तै(यस्तै। धेरैले यसबारे सोचेपनि रि यल जवाफ भने पाउन सकिरहेका हुँदैनन्। त्यसैली हामीले ध्ध्भ च्याम्पियनसिपबारे ५ तथ्य जानकारी दिँदैछौं

**यो फाईट रियल हो ?**

होइन, यो स्क्रिप्टेड शो हो। यसमा सबैकुरा स्क्रिप्ट अनुसार नै हुन्छ। हार(जीत तथा पहलमानका हरेक मुभ्सहरु पूर्वनिर्धारित हुन्छन्।

यो एउटा नाटकमात्रै हो भन्दा फरक नपर्ला, तर यहाँ रिटेकको मौका भने मिल्दैन। जे हुन्छ, सबैको सामने हुन्छ। मानौं थिएटरमा मन्चन गरिएको नाटक। थिएटरमा मन्चन हुने नाटकमा जस्तै यहाँ पनि रेस्लरलाई कुनै गल्ती गर्ने छुट छैन।

**हार्दा पनि धेरै पैसा ?**

WWE को फाईट स्क्रिप्ट अनुसार नै हुने भएकाले यहाँ जित्नेले भन्दा हार्नेले बढि पैसा पाउन पनि सक्छ। किनकी रेस्लरहरुको भ्याल्यू पहिले नै तय हुन्छ। उनीहरुको मूल्य स्टार भ्याल्यू तथा रोलको हिसाबले तय हुन्छ। यस्तो अवस्थामा कहिलेकाहीं जित्नेले भन्दा हार्नेले बढि पैसा पनि पाउन सक्छन्।

**रेस्लरहरु असली हुन् ?**

यसमा हिंस्सा लिने रेस्लरहरुबारे पनि आममानिसमा जिज्ञासा हुने गरेको छ। उनीहरु जस्तो देखिन्छ, त्यो असली हो ? हो, उनीहरुको वडी जस्तो देखिन्छ त्यस्तै नै छ। तर, रेस्लरहरुले आफ्नो वडी र स्टामिना बढाउनका लागि स्टेरोयड्स तथा ड्रग्स लिन्छन् भन्ने आरोप लाग्ने गरेको छ। यद्यपी यसलाई रोक्नका लागि ध्ध्भ को विशेष पोलिसी छ। अझै पनि यस्ता आरोप लाग्न छोडेका छैनन्।

**साँच्चै घाइते हुन्छन्, देखिने रगत असली हो ?**

WWE फाईट स्क्रिप्टेड भएपनि यहाँ हुने इन्जुरी र देखिने र गतहरु प्राय असली नै हुन्छन्। कतिपयलाई गम्भीर चोट लागेको तथा कोही अंगभंग भएको उदाहरणसमेत पाईन्छ। त्यसैले शरीर बाट निस्किने रगत प्राय असली नै हुन्छ। तर, मुखबाट थुक्ने र गत भने रियल होइन। यसका लागि ब्लड क्याप्सुलको प्रयोग गरिन्छ।

**को हुन् यसका मालिक ?**

WWE इभेन्ट्समा प्राय विंस म्याकहोमलाई मालिकको रुपमा देखाईन्छ। तर, WWE पब्लिक लिमिटेड हो। म्याकहोम यसका सीईओ हुन्। यसमा उनको ५२ प्रतिशत शेयर छ।

# कीर्तिपुरमा पनि एमाओवादीका परित्याग गर्ने तयारीमा

मुलुकमा नयाँ संविधान आएपछि नयाँ ढंगवाट विकसित भएको राजनीतिमा तरलता आइरहेको वर्तमान अवस्थामा कीर्तिपुर क्षेत्रमा पनि विशेष गरि एकीकृत माओवादी भित्र तरंगित भएको छ।

डा. बाबुराम भट्टराईले एकीकृत माओवादी पार्टी परित्याग गरि नयाँ शक्ति निर्माण गर्ने क्रममा एकीकृत माओवादीका केन्द्रीय नेताहरुले सामुहिक रुपमा पार्टी परित्याग गरेपछि कीर्तिपुका नेता कार्यकर्ताहरु पनि पार्टी परित्याग गरि नयाँ शक्तिमा जाने तयारी गरेको थाहा भएको छ । सूत्रले दिएको जानकारी अनुसार डा. बाबुराम भट्टराईको नेतृत्वमा बन्ने नयाँ शक्तिका लागि आवश्यक गृहकार्यको क्रममा राजधानीमा हुने विभिन्न कार्यक्रममा समेत कीर्तिपुरका एमाओवादी कार्यकर्ताहरु सहभागी हुने गरिदै आएका छन् ।

एकीकृत माओवादी कीर्तिपुर क्षेत्रका युवा नेता पञ्चलाल महर्जनले त्यसका लागि आवश्यक छलफल र गृहकार्य समेत सुरु गरेको थाहा भएको छ। अहिले सम्म पनि कीर्तिपुर क्षेत्रवाट एकीकृत माओवादी परित्याग गरि डा. बाबुराम भट्टराईको नेतृत्वमा बन्ने नयाँ शक्तिमा को को जानेछन् भन्ने कुरा गोप्य राखिएको छ। यसै वीच पार्टी परित्याग गरि नयाँ शक्तिमा कीर्तिपुर क्षेत्रका नेता तथा कार्यकर्ताहरु समेत जान सक्ने अवस्था भएका कारण एकीकृत माओवादीको कीर्तिपुरका नेताहरुले पनि आफ्ना कार्यकर्ताहरुलाई भेट्ने कार्य तिव्र बनाएको एक एकीकृत माओवादीका कार्यकर्ताले बताएका छन् ।

# लोकतान्त्रिक चोकमा मट्टितेल वितरण



गत १५ गते आइतवार वेलुकी कीर्तिपुर नयाँ बजार लोकतान्त्रिक चोक स्थित पञ्चुराम महर्जनको डिपोमा ३ हजार लिटर मट्टितेल अनलोड गर्दा गर्दै केहि उपभोक्ताहरुलाई वितरण गरि बन्द गरिएको थियो ।

कीर्तिपुर क्षेत्रको एक मात्र मट्टिटेल विक्रेता पञ्चुराम महर्जनको डिपो हो । १६ गते सोमवार विहानैदेखि मट्टितेल बाड्ने थाहा पाएर मट्टितेल भाडो लिएर हजारौ जना लाइनमा बस्न आएका थिए ।

जनहि ३ लिटरको दरले मट्टितेल बाँड्दा करिव ५ सय जनालाई वितरण गर्दा मट्टितेल सकिएको भनी विक्रि बन्द गरिएपछि लाइनमा बसिरहेका ग्राहकहरु आक्रोशित भएका थिए ।

प्रहरीको उपस्थितिमा मट्टिटेल बाडिएको कारण भने अप्रिय घटना घटन पाएनन् ।

ग्यासको अभाव भएका कारण कीर्तिपुर क्षेत्रमा पनि केहि दिनदेखि जनजीवनमा प्रभाव बढ्दै गएको अवस्था छ ।

# जनताका लागि सहकारी कोष मार्फत भुकम्प पिडितलाई सहयोग प्रदान

गत २०७२ साल बैशाख १२, १३ र २९ गते आएको विनाशकारी महाभुकम्प पिडितहरुलाई सहयोगार्थ गठीत यस कीर्तिपुर नगरपालिकाभित्रका सहकारी संस्थाहरुको संजाल "जनताका लागी सहकारी कोष" मार्फत गत अशोज १६ गते सहायोग प्रदान गरेको छ ।

सो कोषका पदाधिकारीहरु श्री हिराबहादुर महार्जन (सिष्टमेटिक साकोस), र मेश महर्जन (कीर्तिपुर बहुउद्देश्यीय), अरुण डंगोल (शुभ सेवा साकोस) लक्ष्मी काफ्ले (भाजंगल महिला साकोस) तथा नरहरि महर्जन (जाखा साकोस) बाट पाँगा सिकुछें क्वाकेब:स्थित करिव १५ परिवारको लागि र पाँगा तलपुखुस्थित करिव १० परिवारको लागि सामुहिक रुपमा सौर्य बत्ती जडान गर्न पच्चीस पच्चीस हजार रकमको चेक हस्तारन्तरण गरियो ।

त्यस्तै पाँगा दथलस्थित भत्केका घरहरुको माटो ब्यबस्थित गर्न एक लाख रुपैंयाको चेक "दथल विचा: गुठी" का नायो श्री विष्णुहरि महर्जनलाई हस्तारन्तरण गरियो ।

## म्ह पुजाको सन्दर्भमा लसता मां पुच: नगाउँको अनुरोध

कीर्तिपुर नगरपालिका वडा नं. १६ नगाउँ स्थित लसता मां पुच:ले विगत ५ बर्षदेखि नेवारी परम्परा अनुसार तिहारको समयमा म्हपुजा गर्नका लागि कु लिने र दिने विषयमा समाज सुधार गर्न मितबेयिता अपनाउन अनुरोध गर्दै आएको छ। यसैवीच आउँदो नेपाल संवत ११३६ म्हँ पुजाको बेलामा पनि म्हँ पुजा कु लिने र दिने नगरि आफ्नै गक्ष अनुसार नै परिवारमा म्हपुजा गर्ने र भाई टिका लगाई परम्परा अपनाउन अनुरोध गरिएको छ।

म्ह पुजा कु लिने र दिने काठमाण्डौं नेवार जातीकै दक्षिण भेगिय क्षेत्रको पनि विशेष ज्यापु समुदायमा मात्र चल्दै आएको पाइन्छ। यसवाट प्राय जसो महिला दिदि बहिनीलाई नै समस्या पर्ने भएकोले यस प्रथालाई परिमार्जन गरि परम्पर लाई अगाडी बढाउने उद्देश्यले उक्त अपिल गरिएको लसता मां पुचले जनाइएको छ । साथै विवाह भएको शुरुको वर्षमा न्हूकु अर्थात नयाँ कु एक पल्ट दिने पछिको बर्षदेखि माथि उल्लेखित बमोजिम गर्न पनि अनुरोध गरिएको छ।


# हार्दिक बधाई



यस Megatech Trading (Pvt) Ltd. का संस्थापक सदस्य श्री अशोक डंगोल जाखा बचत तथा ऋण सहकारीको अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा उहाँको कार्यकाल सफलताको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**अध्यक्ष**
दुर्कमान महर्जन
**प्रवन्ध निर्देशक**
ज्ञानरत्न महर्जन
**कार्यकारी निर्देशक**
रमेश महर्जन
**निर्देशक**
सुरेन्द्र दुवाल श्रेष्ठ
**निर्देशक**
हिरा महर्जन

Megatech Trading (Pvt) Ltd.
संचालनक परिवार
नयाँ बजार टाउनप्लानिङ, कीर्तिपुर १७ (हिरा बुक्सको घरमा)
फोन नं. ४३३५२०३



शुभ दिपावलीको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना !

# निमन्त्रणा

शुभ दिपावली तथा नेपाल संवत् ११३६ न्हूदँ (नयाँ बर्ष)को अवसरमा Megatech Trading (Pvt) Ltd. बाट संचालित हार्डवेयर पसल २०७२ साल कार्तिक २१ गते शनिवारदेखि शुभारम्भ हुने हुँदा सम्पूर्ण ग्रहाक तथा शुभचिन्तकहरुमा उपस्थितिको लागि हार्दिक आमन्त्रण गर्दछ ।

उद्घाटको दिन विहान ८ बजेदेखि ११ बजेसम्म चियापानको व्यवस्था गरिएको छ ।

Megatech Trading (Pvt) Ltd.
नयाँ बजार टाउनप्लानिङ, कीर्तिपुर १७
(हिरा बुक्सको घरमा) फोन नं. ४३३५२०३

# राष्ट्रिय लिग च्याम्पियन बन्न श्री स्टार सफल



–नविन महर्जन–

गत असोज ३० गते सम्पन्न राष्ट्रिय लिग प्रतियोगिता यसपाली निकै प्रतिस्प्रधात्मक रहयो । बास्तवमा लिगमा फाइन खेल भन्ने हुन्न तर लिग भएतापनि समिकरण फाइनल खेल जस्तै हुन पुग्यो ।

गत शनिवार अन्तिम लिग मनाङ मर्स्याङदी र श्री स्टार बीच भएको थियो । त्यसै गरि शुक्रवारको खेलपनि निकै महत्वपूर्ण थियो । जस्मा दुई विभागिय टिम आर्मी र पुलिसबीच सम्पन्न भएको थियो । अन्तिम लिग अगाडी श्री स्टार क्लबको ३२, मनाङको ३१ र आरमीको ३० अंक थियो । जस्ले गर्दा पनि यस राष्ट्रिय लिगको अन्तिम खेल निकै महत्वपूर्ण रहेको थियो ।

शुक्रवार सम्पन्न आर्मी र पुलिस बीचको खेलमा आर्मीले पुलिसलाई ३–० गोलको अन्तर ले पराजित गर्दै उप विजेता हुन सफल भएको छ । उप विजेतासँगै आर्मीले रु ५० लाख हात पारेको छ । आर्मीको लागि टेकबहादुर बुढाथोकी, नवयुग श्रेष्ठ र टंक बस्नेतले १/१ गोल गरेका थिए । तर अर्को विभागीय टिम पुलिसले यस लिगमा सन्तोषजनक प्रदर्शन गर्न असमर्थ रहयो । कुल १६ खेलमा केबल १३ अंक हासिल गर्दै ९ टिम मध्ये ७ औमा रहन पुग्यो ।

राष्ट्रिय लिगको अन्तिम लिग खेलमा श्री स्टार क्लबले मनाङ मर्स्याङदी क्लबलाई २–० गोलले पराजित गर्दै च्याम्पियन भएका थिए । श्री स्टारको लागि नाइजेरियाली खेलाडी आफिज कोलावालाले हेड गर्दै पहिलो गोल गरेका थिए भने दोस्रो गोल इन्ज्यूरी समयमा विजय घिमालले गरेका थिए ।

यस लिगको अघोषित खेल अगाडी श्री स्टारको स्थिति अनुकूल थिएन । टिमका दुई मुख्य खेलाडी एवं यसै लिगका सुरुवाटी प्रशिक्षक म्याच फिक्सीङ प्रकरणमा फसेका थिए । मुख्य फरवार सन्तोष पनि उक्त खेलको लागि थिएन । तर पनि अन्तिम १० खेलमा प्रशिक्षक रहेका राजेन्द्र तामाङ तथा व्यवस्थापक एवं अन्य खेलाडीहरुको कडा मेहनतले च्याम्पियन बन्न सफल बनाइएको छ ।

तसर्थ श्री स्टारले राष्ट्रिय च्याम्पियनको ट्रफि साथ साथै नगद रु १ करोड हात पार्न सफल भएको छ । यस राष्ट्रिय लिग च्याम्पियनमा गोल रक्षक तर्फ श्री स्टारका किरण लिम्बु, डिफेन्डर तर्फ झापा तर्फका देवेन्द्र तामाङ, मिड फिल्डरमा मनाङका विशाल राई, फरवार मा आर्मीका नवयुग श्रेष्ठ तथा प्रशिक्षकमा श्री स्टारकै राजेन्द्र तामाङ उत्कृष्ट घोषित भएका थिए ।

अन्तिम लिग खेलपछि श्री स्टारको ३५ अंक सहित प्रथम, आर्मीको ३३ अंक सहित दोस्रो तथा मनाङको ३१ अंक सहित तेस्रो स्थानमा चित्त बुझाउनु पऱ्यो ।

निकै प्रतिस्प्रधात्मक किसिमले राष्ट्रिय लिग सम्पन्न भएपनि फुटबलका चर्चित खेलाडीहरु राष्ट्रिय फुटबल टिमका कप्टान सागर थापा, विकास सिं क्षेत्री, गोल किपर रिटेश थापा, सन्दिप राई र प्रशिक्षक अन्जन केसी गरि पाँच जानाले म्याच फिक्सिङको आरोपमा पक्राउमा गरि कार वाही गरेको प्रकरणले खेल जगत नै निकै दुःखि भएका थिए ।

नेपालका सम्पूर्ण जनतालाई एउटै धागोमा बाढ्न सफल खेल जगतमा पनि यस्तो घटना घटेपछि सबै खेल जगत नै स्तब्ध भएका थिए ।

बास्तवमा यस्तो घटनामा नेपाली खेलाडीहरु कसरी फसे यस्को सत्य तथ्यको अनुसन्धान गर्नुपर्ने देखिन्छ । हैन भने इमान्दापुर्वक खेल जगतमा लागेकाहरुको समेत बदनाम हुन सक्छ ।

## सुन्दर शान्त मन्दिरमा भुतहरुको चयन नहोस



कवि राम महर्जन
नगाउँ, किनपा-१६

नयाँ संविधान जनताको लागि कामयाबी होस्
महिला राष्ट्रपतिबाट महिला जागरण होस्
सभामुखबाट महिला उत्थानमा टेवा पुगोस्
पिडीत जनताले सन्तोषले सास् फेर्न पावस्

वैशाख १२ र २९को विनाशकारी भुकम्पले
दिएको चोट आज सम्म आलाकाँचै
कति विस्थापित भए कति घरको न घाटको भए
तत्कालिन सरकारले दिन्छु भनेको सहयोग रकम

कति पिडीतले नपाएको अवस्था छ
कतिले त पाए होलान्
सहयोग रकम कति बाँडिए
कति थन्कीए छैन थाहा जनतालाई

उहिलेको सरकार खुइलीसक्यो
सहयोग प्राप्त रकमको हरहिसाब
सार्वजनिक गरि देउ अहिलेको सरकार
अनि जनताले पत्याइएला आजको सरकार

भारतिय सरकारको अघोषित नाकाबन्दीले
दिएको छत्पति बाट जनताले मुक्ती पाउन
नयाँ सरकारको बौद्धिकताले छिमेकी सँग
कुतनैतिक सम्वाद यथासिघ्र चलाउनु पऱ्यो

होइन भने हात्ती आयो हात्ती आयो फुस्सा
जो आए पनि देश कंगाल बनाइजाने
जनता भोकमरीमा जिउन बाध्य
सुन्दर शान्त मन्दिरमा भुतहरुको चयन नहोस्





प्रत्येक बुधवाः तपाईको घर घरमा प्रत्येक अंक विशेष अंक
कीर्तिपुरको चित्रण
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७




आइतवाः पतिकं ल्वःकंह्वाःगु
नेपालभाषाया ज्वज्वलपा
वाःपौ ब्वनादिसँ ब्वंकादिसँ
ज्याकू:
निखासी त्वाः किपू नपा-३
फोन ल्याः ४३३३००७, ९८४१४०१०७७
ज्वज्वलपा वाःपौ



# बुद्धोपदेशको सार

पूर्णमान महर्जन

बुद्धधर्म भनेको वास्तवमा नैतिक शिक्षण हो। अर्को रुपमा नैतिकता बुद्धधर्मको जग हो, आधार हो। धर्मको जगमा टेकेर आफूले जाने बुझेको बुद्धको शिक्षालाई व्यवहारमा ल्याएर अनुभव प्राप्त गर्नु यसको सिद्धान्त हो भने यसलाई सूक्ष्मतम रुपमा प्रत्यक्ष ग्रहण गर्नु यसको दर्शन हो। दर्शन शब्द सामान्यतया ज्ञान र विज्ञान या भौतिक अध्यात्म पक्षपक्षान्तरको व्याख्या विवेचनासँग सम्बन्धित छ। यसले अभ्याससँग खास सम्बन्ध राख्दैन। तर बुद्धधर्मको सिद्धान्त या दर्शन भनेको व्यवहार हो।

सिद्धार्थ गौतमले बोधिज्ञान प्राप्त गर्नुभएपछि सर्वप्रथम पञ्चभद्रवर्गीय भिक्षुहरुलाई धर्मचक्र प्रवर्तन या धर्मोपदेश गर्नुभएको थियो। यस संसारमा जहाँसम्म जीवनपरंपरा या जन्म, जरा, व्याधि र मरणको दुःखलाई बुझ्न सक्दैन, तबसम्म कसैले जीवनलाई उँभो लगाउन सक्दैन। बुद्धले अवबोध गर्नुभएको ज्ञानलाई त्यसैले उहाँले भिक्षुहरुलाई मानिस-मानिस, घर-घर, गाउँ-गाउँ र नगर-नगर नगरैपिछे सुनाउन आज्ञा भएको थियो। तथागत आफूले पनि ४५ वर्षसम्म गाउँ-गाउँ, नगर-नगर, निगम-निगम र जनपद-जनपदमा मानिसको जीवनलाई उँभो लगाउन र कल्याण गर्न प्रचार प्रसार गर्नुभयो। उहाँको ८२,००० र उहाँका शिष्यहरुका २००० गरी ८४००० धर्मस्कन्धहरु मनिसलाई दुःखबाट मुक्त बनाउने कार्यसँग सम्बन्धित छन्।

एकपटक भगवान् बुद्ध जेतवन विहारमा रहनुभएको बेला उहाँले पहिलेको बुद्धहरुका आयु परिच्छेद लगायतको विषयमा उपदेश गर्नुभएको थियो। यो सुनेर भिक्षु आनन्दको मनमा एउटा जिज्ञासा उठ्यो कि पहिलेका बुद्धहरु र अहिलेको तथागतको उपोसथ शिक्षा उही हो कि फरक ? भिक्षु आनन्द सन्ध्याको समयमा भगवान्कहाँ गएर यही प्रश्न राखे। भगवान्ले आनन्दलाई बुद्धहरुको समयमा मात्र भेद छ, उपदेशमा भेद छैन भन्नुभयो र साथै पहिलेका बुद्धले उपदेशमा यिनै गाथा प्रयोग गर्नु हुन्थ्यो भन्नुहुँदै निम्न गाथा आज्ञा भएको थियो (

"सब्बपापस्स अकरणं, कुसलस्स उपसम्पदा। सचित्त परियोदपनं, एतं बुद्धानसासनं ॥" (धम्मपद (१८३) (कुनै पाप नगर्नु, कुशल कार्यको सम्पादन गर्नु, आफ्नो चित्तलाई शुद्ध गर्नु यही बुद्धहरुको शिक्षा हो।) भगवान् बुद्धले गृहस्थीहरुका लागि दिनुभएको शीलको शिक्षा पाप कर्मबाट बच्नको लागि हो। त्यस्तै भिक्षु भिक्षुणीले पालन गर्नुपर्ने विनयहरु क्रमशः २२७ र ३११ वटा अकुशल कर्मबाट टाढा रहनुका लागि हुन्। प्राणी हिंसा गर्नु (पाणातिपाता), अरुको वस्तु चोर्नु (अदिन्नादाना), परपुरुष परस्त्री गमन गर्नु (कामेसु मिच्छाचारा), झूटो बोल्नु (मुसावादा), अरुको चुक्लि गर्नु (पिसुणवाचा), कडा बोली बोल्नु (फरुसवाचा), कसैको भलो नहुने गफ गर्नु (सम्फप्पलावाचा), लोभ तृष्णामा भुल्नु (अभिज्झा), द्वेषयुक्त संकल्प लिनु (व्यापाद), मिथ्यादृष्टि राख्नु (मिच्छादि) दश अकुशल कर्महरु हुन्। यस्ता कर्मबाट अलग रहनु उपरोक्त गाथाको पहिलो मर्म हो। दोश्रो कुरा मानिसको दुर्लभ जुनीमा कुशल कर्मको सम्पादन गर्नुपर्दछ। आफ्नो र अरुको भलो हुने कार्य नै कुशल कर्म हो। दान गर्नु, शील पालन गर्नु, भावना (ध्यान) मा रहनु, कर्मले आफूभन्दा ठूलालाई आदर सत्कार गर्नु (अपचायन), अरुलाई सहयोग गर्नु (वेथ्यावच्च), पुण्यदान गर्नु (पत्तिदान), अरुले गरेको राम्रो कार्यमा प्रसन्न हुनु (पत्तानुमोदन), धर्मोपदेश सुन्नु (धम्मश्रवण), अरुलाई उपदेश गर्नु (धम्मदेशना), अन्धविश्वासबाट टाढा रहनु (दिजुिकम्म) जस्ता कुशल कर्म मानिसले चिन्तन गर्नुपर्ने कर्महरु हुन्। यसैले सल्लेख सुत्रमा उल्लेख गरिएको छ "सब्बं अकुसलं अधोगमनियं, सब्बंकुसलं उद्धं गमनियं" अर्थात सबै अकुशलले तलतिर लग्दछ भने सबै कुशलले माथितिर लग्दछ। तथागत महाकारुणिक शास्ताले भिक्षु आनन्दलाई आज्ञा गर्नुभएको उपरोक्त गाथाको तेश्रो मर्म हो चित्तलाई शुद्ध गर्नु। मनको अभ्यासले मात्र चित्त शुद्ध गर्न सघाउँदछ। आजभन्दा करिब २६०० वर्ष पहिले भगवान् बुद्धले चित्त शुद्धिका लागि भिक्षुहरुलाई उपदेश गर्नुभएको थियो "भिक्षुहरु ! चार स्मृतिप्रस्थान नामक आचरण मार्ग सत्वहरुको चित्तमल निर्मल पार्न, शोक र परिदेवलाई अतिक्रमण गर्न शारीरिक दुःख र मानसिक पिडालाई शान्त पार्न, आर्यमार्ग लाभ गर्न, निर्वाणलाई साक्षात्कार गर्न एउटै मात्र मार्ग हो।" स्मृतिप्रस्थान (सतिपट्ठान) का चार अनुपश्यनाहरु कायानुपस्सना, वेदनानुपस्सना, चितानुपस्सना र धम्मानुपस्सना हुन्।

उपतिस्स र कोलित राजगृहको सञ्जय परिब्राजकका शिष्य थिए। एकदिन उनीहरुले आफ्नो गुरु सञ्जयसँग शास्त्रको अन्त्य कहाँनिर छ भनी सोध्दा उनले थाहा नभएको कुरा बताएपछि दुबैजना यसको अन्त्य पत्ता लगाउन भनी खोज्ने क्रममा एकदिन उपतिस्सले पञ्चवर्गीय भिक्षुमध्ये सबैभन्दा कान्छो अश्वजित् भिक्षु राजगृहमा भिक्षाटनार्थ शान्तपूर्वक घुमिरहेको देखे। उपतिस्सले मनमनै यी शान्त इन्द्रिय भएका श्रमण अवश्य अरहत् या अरहत् मार्गमा लागेको हुनुपर्दछ भनी अश्वजित्को भोजनपछि उनीसँग सोधे– "तपाई कसलाई गुरु मान्नुहुन्छ र कसको धर्म रुचाउँनु हुन्छ ?" भिक्षुले जवाफ दिए – "म बुद्धलाई गुरु मान्दछु र उहाँकै धर्म रुचाउँछु।" अनि उपतिस्सले फेरि सोधे–"त्यसो भए उहाँ कस्तो धर्म उपदेश गर्नुहुन्छ नि ?" भिक्षुले जवाफमा उहाँको धर्म विस्तारपूर्वक बताउन सक्दिन, केवल संक्षेपमा भन्छु भनी निम्न गाथा आज्ञा गरे (

"ये धम्मा हेतुप्पभवा, तेसं हेतु तथागतो आह। तेसं च यो निरोधो, एवंवादी महासमणो ॥" अर्थात जुन धर्महरु हेतुबाट उत्पन्न हुन्छन् त्यसको हेतु तथागत बताउनु हुन्छ। त्यसको जुन निरोध हो त्यो पनि उहाँ महाश्रमण बताउनु हुन्छ। यो गाथा सुन्ने बित्तिकै उपतिस्स स्रोतापत्ति फलमा प्रतिष्ठित भए। उक्त गाथा अनुसार संसारचक्र संचालन भइरहनु अनि कुनै पनि वस्तुको उत्पत्ति विनाश हुनुमा कुनै न कुनै हेतुप्रत्यय हुन्छ, कार्यकारणको सम्बन्ध रहेको हुन्छ। अर्को रुपमा हाम्रो जीवनलगायत सम्पूर्ण संसार नै हेतु र फलको आपसी सम्बन्धहरुको एउटा संरचना हो। एउटा वस्तुको उत्पत्ति र विनाशको भरमा अर्को वस्तुको उत्पत्ति र विनाशहुन्छ। जीव निर्जिव जे सुकै होस् कुनै पनि स्वतन्त्र छैन। कुनै अलग भएर रहन सक्दैन। यस अनुसार अविद्या र तृष्णा मूलहेतुबाट भवचक्र संचालन भएर प्राणीहरुले जन्म जन्मान्तरमा अनेकौ दुःख भोगिरहेका हुन्छन्। अविद्या र तृष्णालाई निरोध गर्न सकेमा भवबन्धनबाट मुक्त हुन्छ। तथागत शास्ताको प्रतित्यसमुत्पाद सिद्धान्तले यस कारण कार्यको श्रृंखलालाई प्रष्ट्याउँदछ। यस अनुसार अविद्याको कारणले संस्कार, संस्कारले विज्ञान, विज्ञानले नामरुप, नामरुपले षडातयन, षडातयनले स्पर्श, स्पर्शले वेदना, वेदनाले तृष्णा, तृष्णाले उपादान, उपादानले भव, भवले जाति र जातिले शोक, परिदेव, दौर्मनष्य, उपायास, मरण आदि सारा दुःख समूहको समुदय हुन्छ। त्यस्तै अविद्याको निरोधले संस्कार, संस्कारको निरोधले विज्ञान र एवम्रितले सम्पूर्ण दुःखस्कन्धको निरोध हुन्छ। त्यसैले जसले प्रतित्यसमुत्पादको ज्ञान बुझेको हुन्छ त्यस्ले बुद्धको शिक्षालाई पनि बुझेको हुन्छ। मानवको कल्याणको लागि भगवान् ४५ वर्षसम्म ठाउँठाउँमा चारिका गर्नुभई ८० वर्षको उमेरमा उहाँ कुशिनगरमा महापरिनिर्वाण हुनुभएको थियो। महापरिनिर्वाण प्राप्त गर्नु अघि उहाँले भिक्षुहरुलाई आज्ञा गर्नुभएको थियो ( "हन्ददानि भिक्खवे ! आमन्तयामि वो, वय धम्मा संखारा, अप्पमादेन सम्पादेथ" अर्थात हे भिक्षुहरु ! तिमीहरुलाई सम्बोधन गर्दै छु, संस्कार, धर्म सबै अनित्य/नाशवान छन्। अप्रमादी भएर सम्पादन गर्नु। बुद्धको यस अन्तिमोपदेशमा २ वटा अति महत्वपूर्ण सन्देशहरु छन्। पहिलो, संसारमा कुनै पनि कुरा नित्य, स्थिर र शाश्वत छैन। उत्पत्ति पछि सबैको विनाश अवश्यम्भावी हो। अनित्य सुख हुन सक्दैन। अनित्य सबै दुःख हुन्। अनित्य म, मेरो हुन सक्दैन। अनित्य त्यसैले अनात्म हो। दोश्रो अति महत्वपूर्ण सन्देश हो अप्रमादी भएर सम्पादन गर्नु। अप्रमाद भन्नाले सजग, सचेत, जागरुक, सतर्क र अल्छी नहुनु हो। हाम्रो बेहोशी मन, वचन र शरीरले क्षण क्षणमा दुःखको भवचक्रलाई लम्ब्याउँने कर्म र संस्कार बनाइरहेको हुन्छ। जीवनको प्रत्येक गतिविधिमा होश राखी भगवान् बुद्धले औंल्याउनु भएको सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् आजिविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक समाधि या आर्य अष्टाङ्गिक मार्गको आत्मसात् भएमा जीवन निश्चय पनि उँभो लाग्दछ र दुःखबाट मुक्त हुने अमृत मार्गमा पुऱ्याउँन सघाउँदछ।

धर्मको सही अर्थ नबुझ्नाले जीवनलाई निस्सार बनाउँदछ। धर्मको सार भनेको चित्त शुद्धिमा सहयोग पुऱ्याउँनु हो। धर्मको सार भनेको जन्म, जरा, व्याधि र मरणको दुःखमय भवबन्धनबाट मुक्त पार्न सघाउनु हो। बुद्धोपदेशको सार पनि यही हो। त्यसैले यसले सही मार्गको समुचित आचरण र अभ्यास कार्यमा सततः प्रयत्नशील रही मनुष्य जुनीको दुर्लभ समयलाई अप्रमादीपूर्वक उपयोग गनुपर्दछ र चाँडोभन्दा चाँडो जन्ममरणको दुःखबाट निर्वाण प्राप्त गर्न हेतु नरोधका लागि सम्यक् मार्गको अनुसरण गनुपर्दछ भन्ने कुराको शिक्षा प्रदान गर्दछ।







पत्रकार श्रीकृष्ण महर्जनया प्यंगूगु सफू

किपूया गथु प्याखं (गं मखाःगु प्याखं)

सफू बजारय् पिदने धुंकूगु दु थःगु प्रति सुरक्षित यानादिसँ



**सफू दइगु थाय् व पसः**

१) ख्वपया च्याम्हसिंहया स्टेशनरी पसः (श्याम सुन्दरया पसः)
२) ख्वप कमल विनायकया स्टेशनरी पसः
३) किपूया सतःक्वया स्टेशनरी पसः
४) किपूया देय् पुगूया बाघभैरव स्टेशनरी पसः
५) किपूया पांगा दोवाटोया किपू बूक प्वाइट
६) यैंया भोताहिति नातिबज्रया पसः
७) यैंया कुलाभुलिइ च्वंगु मंकाः धुकू पसः
८) कीर्तिपुर सन्देश वाःपौ व ज्वज्वलपा वाःपौया ज्याकू निखासि किपू,
९) यलया यल ध्वाखा लागाय् अशोक स्टेशनरी फोन नंः ४३३३००७, ९८४१४०१०७७
९) स्वापू नितिं मेमेगु नम्बरः ४३३४०१३, ९८४१७५२५८३, ९८४६०४६१२३९

मू सच्छिं तका जक (१००/–)

# पद्मिनि

*Jewellery*

**हाम्रो यस पद्मीनी ज्वेलर्स प्रा. लि.को शोरुमको शुभारम्भ समारोहमा उपस्थित भईदिनु हुन सम्पूर्ण ग्राहकवर्ग समक्ष हार्दिक निमन्त्रण गदर्छौं ।**



INNOVATION
QUALITY
PERFORMANCE
AVAILABILITY
INDIVIDUALITY
AND THE
RIGHT PRICE

स्थान : नगाउँ, तःग वपी, कीर्तिपूर
मिति : २०७२/०७ /२३
समय : ११:०० वजे
सर्म्पक : ९८०२०१३७८०